धवलागिरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुना, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

पे.सि. ३१

आज मिति २०७६।०५।३१ गतेका दिन धवलागिरी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री थमसरा पुनको अध्यक्षतामा बसी तपशिल बमोजिमको उपस्थितिमा देहाय बमोजिमको निर्णय गरियो ।

**<u>तपशिलः</u>**

| | |
|---|---|
| श्री थमसरा पुन | गा.पा. अध्यक्ष, धवलागिरी गाउँपालिका |
| श्री रेशम छन्त्याल | गा.पा. उपाध्यक्ष, धवलागिरी गाउँपालिका |
| श्री झक बहादुर छन्त्याल | वडा अध्यक्ष, धवालगिरी गाउँपालिका वडा नं. १, गुर्जा |
| श्री गम प्रसाद वि.क. | वडा अध्यक्ष, धवालगिरी गाउँपालिका वडा नं. २, लुलाङ्ग |
| श्री पुर्म पुन | वडा अध्यक्ष, धवालगिरी गाउँपालिका वडा नं. ३, मुना |
| श्री वेग प्रसाद घर्ती | वडा अध्यक्ष, धवालगिरी गाउँपालिका वडा नं. ४, मुदी |
| श्री खर्क कुमारी छन्त्याल | वडा अध्यक्ष, धवालगिरी गाउँपालिका वडा नं. ५, मल्कवाङ्ग |
| श्री राजाराम उपाध्याय | वडा अध्यक्ष, धवालगिरी गाउँपालिका वडा नं. ६, मराङ्ग |
| श्री कलानिधी शर्मा | वडा अध्यक्ष, धवालगिरी गाउँपालिका वडा नं. ७, ताकम |
| श्री राम बहादुर वि.क. | कार्यपालिका सदस्य |
| श्री सुवा देवी पुर्जा | कार्यपालिका सदस्य |
| श्री किनमाया घर्ती | कार्यपालिका सदस्य |
| श्री देउप्रसाद छन्त्याल | कार्यपालिका सदस्य |
| श्री तिल कुमारी के.सी. | कार्यपालिका सदस्य |
| श्री बाल कुमारी सुनार | कार्यपालिका सदस्य |
| श्री गोविन्द सुनार | प्रमुख प्रशासकीय अधिकृत |

**प्रस्तावहरु:**

१ एक पालिका एक खेल मैदान सम्बन्धमा ।

२ राजश्व छुट सम्वन्धमा ।

३ मौज्दात कोषका लागि योजना छनौट सम्बन्धमा ।

४ संविधान दिवस मनाउने सम्वन्धमा ।

५ बालविवाह उन्मुलन सम्वन्धि रणनीतिक योजना स्वीकृत सम्वन्धमा ।

६ लेखापरिक्षण प्रारम्भिक प्रतिवेदन सम्वन्धमा ।

७ विषय थप गर्ने अनुमति सम्वन्धमा ।

## निर्णयहरु :

निर्णय नं. १

प्रस्ताव नं. १ उपर व्यापक छलफल गर्दा "स्थानिय तहमा खेलकुद पूर्वाधार निर्माण सम्वन्धि कार्यविधि, २०७५" बमोजिम एक पालिका एक खेलकुद मैदान निर्माण गर्नका लागि यस पालिकाको बडा नं. ७ ताकमको चि लेटी भन्ने ठाउँमा आवश्यक जग्गा उपलब्ध भएकोले सोही ठाउँमा खेलकुद मैदान निर्माण गर्नको लागि जम्मा लागत मध्ये ३० प्रतिशत रकम गाउँपालिकाले व्यहोर्ने र कार्यविधिले तोकेको मापदण्ड तथा कागजातहरु पुरा गरी युवा तथा खेलकुद मन्त्रालयमा प्रस्ताव पेश गर्ने ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकाको लागि आर्थिक वर्ष २०७६।०७७ मा एम्बुलेन्स खरिद गर्नको लागि आवश्यक बजेट विनियोजन भएको र उक्त एम्बुलेन्स खरिद गर्दा लाग्ने राजश्व छुटका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मार्फत् अर्थ मन्त्रालयमा सिफारिस पत्र लेखी पठाउनका लागि जिल्ला स्वास्थ्य कार्यालय,म्याग्दीलाई अनुरोध गरी पत्राचार गर्ने ।

निर्णय नं. ३

"जिल्ला समन्वय समितिको मौज्दात कोष सञ्चालन निर्देशिका, २०७५" बमोजिम मौज्दात कोष नगर/गाउँपालिकामा विनियोजन भैसकेको र जिल्ला समन्वय समितिको कार्यालय म्याग्दीबाट उल्लेखित निर्देशिका अनुसार यस गाउँपालिकाको लागि बिनियोजित बजेटको योजना माग भै आएकोले निर्देशिकाको मापदण्ड अनुसार लागत खर्च व्योहोर्ने गरी तपशिलका योजना छनौट गरी पठाउने निर्णय गरियो ।

क) धवलागिरी गाउँपालिका **वडा नं. २ को कार्यालय भवन निर्माण** गर्ने
स्थान : लमसुङ्ग

धवलागिरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुना, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

निर्णय नं. ४

यस वर्षका "संविधान दिवस तथा राष्ट्रिय दिवस, २०७६" यही आश्विन ३ गते भएकोले सो दिवसलाई विभिन्न कार्यक्रम गरी गाउँपालिका भरी हर्सोल्लासका साथ मनाउने ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिकामा समस्याको रुपमा रहेको वालविवाहलाई न्युनीकरण गरी वि.सं. २०८० सम्ममा उन्मुलन गर्न "वालविवाह उन्मुलनका लागि रणनैतिक योजना" तयार भैसकेकोले उक्त रणनैतिक योजनालाई स्वीकृत गरी कार्यान्वयन गर्ने ।

निर्णय नं. ६

आर्थिक वर्ष २०७५/०७६ को लेखापरिक्षण श्री महालेखापरिक्षकको कार्यालयबाट भई लेखापरिक्षण प्रारम्भिक प्रतिवेदन समेत प्राप्त भैसकेकोले लेखापरिक्षणमा औल्याईएका वेरुजु तथा कार्यालयले अवलम्वन गर्नुपर्ने व्यहोराहरुलाई गहन छलफल गरी बेरुजु फछ्र्यौट तथा नीतिगत सुधार तर्फ उन्मुख हुन गाउँपालिकाको कार्यालयलाई सचेत गराउने ।

निर्णय नं. ७

यस गाउँपालिका वडा नं. ७ मा अवस्थित श्री हेम मा.वि शिवाङ्गले मा.वि तहमा आर्थिक वर्ष २०७६/०७७ देखि जनसंख्या विषय कोड नं. १४६ पुर्णाङ्क १०० र शारिरीक शिक्षा विषय कोड नं. १४४ पुर्णाङ्क १०० थप गरी अध्यापन गर्न निवेदन पेश गरेकोमा उक्त विषयहरु लागू गर्न स्वीकृती दिने ।